राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 24, Issue 3 No. 168 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Ashwin 2081 (September/October-2024)

## प्रबन्ध निर्देशक अर्याल र मन्त्रालयबीच कार्यसम्पादन सम्झौता

नेपाल टेलिकमका नवनियुक्त प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबीच आर्थिक वर्ष २०८१।८२ को कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । गत भाद्र ३० गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा कम्पनीका सञ्चालक समिति अध्यक्ष सञ्चार सचिव राधिका अर्यालले प्रबन्ध निर्देशक अर्याललाई सम्झौतापत्र हस्तान्तरण गर्नुभएको हो । सम्झौतापत्रमा मन्त्रालयको तर्फबाट सचिव राधिका अर्याल तथा प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले हस्ताक्षर गर्नुभएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०५/२० को निर्णय बमोजिम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिति २०८१/०५/२३ गते संगीता पहाडी अर्याललाई कम्पनीको प्रबन्ध निर्देशक पदमा चार वर्षको पदावधि रहने गरी नियुक्त गरेको थियो ।



## कोरला नाकामा नेपाल टेलिकमको सेवा विस्तार

नेपाल टेलिकमले हिमालपारीको जिल्ला मुस्ताङ र चीनको तिब्बतस्थित सिमानाको कोरला नाकामा बिटिएस टावर स्थापना गरी टेलिफोन सेवा सुरु गरेको छ । मुस्ताङको लोमान्थाङ गाउँपालिका-१, छोसेरस्थित कोरला नाकामा टावर स्थापना गरी सेवा सञ्चालनमा ल्याइएको हो । पोल, टावर तथा क्याबिनेट शेडबेस लगायत संरचनाको निर्माण कार्यमा लोमान्थाङ गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराएको थियो ।




समुद्री सतहदेखि करिब ४ हजार ६ सय मिटरको उचाइमा पर्ने कोरला नाकामा नेपाल टेलिकमको टुजी र फोरजी सेवाका टावरहरु तत्कालका लागि सोलारबाट चल्ने गरी जडान गरेर सञ्चालनमा ल्याइएकोमा हाइब्रिड रेक्टिफायरको जडान गरिएकाले निकट भविष्यमा विद्युतमार्फत टावर सञ्चालन गर्न सकिने गरी व्यबस्था मिलाइएको छ ।

कोरला नाकामा नेपाल टेलिकमको बिटिएस टावर स्थापना गर्नका लागि मुस्ताङका प्रतिनिधिसभा सदस्य योगेश गौचन थकाली, लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी न्हर्वु गुरुङ, लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्ट र मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले विशेष चासो देखाउनुभएको थियो ।

मुस्ताङ-तिब्बत कोरला नाकामा विशेष गरी मुस्ताङको पाँचवटै गाउँपालिकाका स्थानीयवासीहरु सामान खरिद-बिक्री गर्नको लागि आवतजावत गर्ने गर्दछन् ।

नयाँ जडान भएको टावरमा उच्च गतिको इन्टरनेट तथा टेलिफोन सेवाको क्षमता रहेको हुँदा 4G VoLTE प्रविधिमा आधारित भिडियो कल गर्न र नमस्ते वाइफाई समेत चलाउन सकिन्छ ।

कोरला नाका तथा आसपासका बासिन्दा, भ्रमण तथा अवलोकनमा पुग्ने पर्यटक एवम् सो क्षेत्रका पर्यटन लगायत अन्य व्यवसायीलाई लक्षित गरेर टावर जडान गरिएकोमा लोमान्थाङ गाउँपालिकाका अध्यक्ष गुरुङले नेपाल टेलिकमप्रति धन्यवाद व्यक्त गर्नुभयो ।



सेवा सञ्चालनमा आएसँगै सहज तवरबाट टेलिफोन तथा इन्टरनेटमा सेवाग्राहीको पहुँच पुग्नुका साथै सीमा क्षेत्रमा हुन सक्ने अवाञ्छित क्रियाकलाप नियन्त्रणमा पनि सहयोग पुग्ने अपेक्षा कम्पनीको रहेको छ ।

## रेडियो नेपाल र नेपाल टेलिकमबिच सूचना, सन्देश प्रसारण गर्ने सम्झौता

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) र रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल बिच व्यावसायिक तथा सूचना सन्देश प्रसारण गर्ने सम्बन्धमा यही मिति २०८१ असोज १५ गते सम्झौता सम्पन्न भएको छ । सम्झौतापत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल र रेडियो नेपालको तर्फबाट कार्यकारी निर्देशक अमरध्वज लामाले हस्ताक्षर गर्नुभएको हो ।

रेडियो नेपालका केन्द्रीय तथा सबै प्रादेशिक प्रसारण संस्थाहरूमार्फत विभिन्न मातृभाषा तथा स्थानीय



भाषामा टेलिकमका सूचना एवम् सन्देशहरु प्रसारण गर्ने सम्झौता भएको हो ।

सम्झौतापत्रमा हस्ताक्षर गर्दै प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले ऐतिहासिक प्रसारण संस्थाको रुपमा रहेको रेडियो नेपालको प्रसारण मार्फत नेपाल टेलिकमले दूर दराजका नागरिकसम्म आवश्यक सूचना सन्देशहरू पुऱ्याउन सहयोग पुऱ्याइरहेको बताउनुभयो । उँहाले नेपाल टेलिकमको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन रेडियो नेपालको भूमिका महत्वपूर्ण रहेको पनि बताउनुभयो ।

यसैगरी सम्झौता पत्रमा हस्ताक्षर गर्दै रेडियो नेपालका कार्यकारी निर्देशक अमरध्वज लामाले रेडियो

(बाँकी पृष्ठ ४ मा)

# प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेश गतिविधि

आ.व. २०८१/०८२ मा सिमकार्ड तथा रिचार्जकार्ड लगायतका सेवाहरुको बिक्री वितरणका लागि डिलरको रुपमा सम्झौता गरी लुम्बिनी प्रदेशका नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लामा कारोवार गर्दै आएका डिलरहरु एवम् उनीहरुबाट नियुक्त POS (Point of Sales) लाई भेला गराई कम्पनीको व्यापार विस्तार तथा विविध सेवाहरुको बिक्री वितरण कार्यमा डिलरहरुले सामना गरेका समस्याहरुको पहिचान र तिनको समाधानका उपायहरुको खोजी गर्ने उद्देश्यले मिति २०८१।०६।०९ गते बुधबारका दिन प्रा.नि. भैरहवा को सभा हलमा डिलर भेटघाट तथा POS सम्मान कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा यस क्षेत्रका ६ वटा डिलरहरु (भैरव ईम्पेरियल, ग्लोबल कम्युनिकेशन, आरसी मार्केटिङ, अनमोल जनसेवा, बुद्ध ट्रेडर्स, न्यू कञ्चन सप्लायर्स) र ती डिलरहरुबाट नियुक्त सवडिलर (POS) हरुको उपस्थिती रहेको थियो । सो कार्यक्रममा यस अघि मिति २०८१।०२।२८ गते सम्पन्न प्रथम Dealer Meet Program को समिक्षा गर्दै त्यसबाट भएका सकारात्मक कार्यहरु तथा भावी सम्भावनाहरुका विषयमा सहायक प्रशासकीय अधिकृत खिलेश्वर काफ्ले र सहायक लेखा अधिकृत हरि बहादुर खड्काले तथ्याङ्क सहित प्रस्तुतीकरण गर्नुभएको थियो ।



कार्यक्रममा डिलरका प्रतिनिधि तथा POS हरुले सिम तथा रिचार्जकार्ड लगायत नेपाल टेलिकमका सेवाहरु बिक्री गर्दा आफूहरुले भोग्नु परेका समस्याहरु उजागर गर्दै सो को शीघ्र समाधानका लागि पहल गरिदिन आग्रह गर्नु भएको थियो ।

कार्यक्रममा प्रत्येक डिलरलाई कम्पनीको लोगो अंकित टिसर्ट, पकेट डायरी, गार्डेन टेबुल र ४ वटा प्लास्टिक कुर्चि सहितको स्टल सेट एवम् छाता प्रदान गरिएको थियो भने POS हरुलाई मायाको चिनो तथा टिसर्ट र कम्पनीको सेवा सम्बन्धी ब्रोसरहरु वितरण गरिएको थियो ।



उप-प्रवन्धक तेज प्रसाद बस्यालको स्वागत मन्तव्यबाट शुरु भएको र प्रा.नि. भैरहवाका निमित्त निर्देशक जोली राजभण्डारीको सभापतित्वमा सम्पन्न डिलरमिट तथा POS सम्मान कार्यक्रममा उप-प्रवन्धक मनिष मल्लिकले कम्पनीको व्यापारिक साझेदारको रुपमा रहेका डिलर तथा POS हरुलाई कम्पनीको सेवा विक्रीमा अझ सक्रिय भएर लाग्न अनुरोध गर्नुभयो । यसैगरी उप-प्रवन्धक मनोज ज्ञवालीले सबै डिलर तथा POS हरुलाई देशका विभिन्न सिमा-नाकाहरु, बसपार्क क्षेत्र अन्य उपयुक्त स्थानहरुमा कम्पनीबाट वितरित लोगो अंकित टिसर्ट, छाता तथा कुर्सी टेबुलको सदुपयोग गर्दै दशैं तिहार लक्षित सिम बितरण केन्द्र स्थापना गर्न आग्रह गर्नु भयो भने उप-प्रवन्धक कुश्माखर न्यौपानेले डिलर तथा POS हरु कम्पनीकै अभिन्न अङ्ग भएको उल्लेख गर्दै सिम बिक्रीको Volume को आधारमा

(बाँकी पृष्ठ ४ मा)

# प्रमुख अधिकृतहरूको कार्यसम्पादन सम्झौता सम्पन्न



वाञ्छित परिणाम प्राप्त हुने गरी जिम्मेवारी र अधिकार स्पष्ट पार्नका लागि संस्थाका प्रमुख अधिकृतहरुसँग गरिने कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । नतिजामुलक व्यवस्थापनको प्रमुख संयन्त्रको रुपमा रहेको कार्यसम्पादन सम्झौता गर्नका लागि कम्पनीको केन्द्रीय कार्यालयमा यही असोज २३ र कार्तिक ४ गते आयोजित कार्यक्रममा बोल्दै कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले सम्झौताको अधिनमा रही प्रदत्त अधिकारको प्रयोग गर्दै आफ्नो आफ्नो जिम्मेवारी कुशलतापूर्वक निभाउन सम्पूर्ण प्रमुख अधिकृतहरुलाई आग्रह गर्नुभयो ।

उहाँले दूरसञ्चार बजारमा कम्पनीको अग्रता कायम राखिराख्नका लागि पूर्व निर्धारित लक्ष्यहरु समयमै सम्पन्न गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

गत भाद्र २३ गते कम्पनीको प्रबन्ध निर्देशकमा नियुक्त भएसँगै प्रबन्ध निर्देशक अर्यालले चालु आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरिने योजना तथा कार्यक्रमहरु निर्धारण गरी निर्धारित लक्ष्यहरु समयसीमाभित्र सम्पन्न गर्ने प्रतिवद्धता सहित प्रमुख अधिकृतहरुसँग उक्त सम्झौता गर्नुभएको हो ।

सम्झौतामा हस्ताक्षर गर्दै सबै प्रमुख अधिकृतहरु, निर्देशनालयका निर्देशकहरु तथा विभागीय प्रमुखहरुले प्राप्त अधिकारको सदुपयोग गर्दै चालु आर्थिक वर्षमा सम्पन्न गरिने योजना तथा कार्यक्रमहरु जिम्मेवारीका साथ सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्राविधिक अधिकृत एवम् वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक अमुल प्रधान, प्रमुख सञ्चालन अधिकृत सबिना मास्के प्रधान, प्रमुख मानव संशाधन अधिकृत सुरज सिंह थापा, प्रमुख वित्तीय अधिकृत राजेन्द्र अर्याल, कम्पनी सचिव द्वारिका प्रसाद पौडेल, आन्तरिक लेखा परीक्षण तथा निरीक्षण विभाग प्रमुख राजेन्द्र श्रेष्ठ, वायरलेस सेवा निर्देशनालयका निर्देशक प्रेम प्रसाद सिलवाल लगायत प्रमुख अधिकृतहरूसँग प्रबन्ध निर्देशक अर्यालले कार्यसम्पादन सम्झौता गर्नुभएको थियो ।



# दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्र गतिविधि



उच्च स्तरीय तालिम तथा अनुसन्धान व्यवस्थापन कमिटीको बैठक

दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्र (TTRC) ले कम्पनीमा कार्यरत कर्मचारीहरुलाई आवश्यक ज्ञान र सीप प्रदान गर्नका लागि प्राविधिक र अन्य विभिन्न विषयका तालिमहरु सञ्चालन गर्दै आएको पाँचदशक पुग्न लागेको छ। लामो ऐतिहासिक पृष्ठभूमि भएको यस तालिम तथा अनुसन्धान केन्द्रले कम्पनीको प्राविधिक र अप्राविधिक सेवाका कर्मचारीहरुका लागि दूरसञ्चार प्रविधि, प्राविधिक ज्ञान र सीप, व्यवस्थापन, प्रशासनिक, सकरात्मक सोच, जीवन दर्शन लगायतका विविध विषयहरुमा तालिम, अध्ययन र अनुसन्धान, सेमिनार तथा कार्यशाला गोष्ठीहरुमा निरन्तर केन्द्रित गरी आफूलाई Excellence Center का रूपमा उभ्याउन सफल भएको छ।

स्थापनाकालमा संस्थाका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादनमा केन्द्रित रहेको यस केन्द्रले वर्तमान समयमा दूरसञ्चार क्षेत्रमा भएको उदारीकरणसँगै कम्पनीको सेवा वितरण र विस्तारमा आएको प्रतिस्पर्धात्मक वातावरणमा कर्मचारीहरुको कार्य सम्पादनलाई समयसापेक्ष सहज तुल्याउन प्राविधिक तालिमका अतिरिक्त नवीनतम दूरसञ्चार प्रविधिको ज्ञान तथा विभिन्न प्राविधिक प्रयोगात्मक सीप, उपयुक्त सूचना र सञ्चार प्रविधिको छनौट, त्यसको खरिद तथा आपूर्ति, जडान, मर्मतसम्भार, सेवाको बजारीकरण, ग्राहक सेवा लगायतका विषयहरुमा तालिम संचालन तथा विभिन्न विषयमा अध्ययन र अनुसन्धान एवं कार्यशाला-गोष्ठी आयोजना गरी कम्पनीको उत्पादकत्व वृद्धि लगायत कर्मचारीहरुको वृत्तिविकासमा प्रत्यक्ष योगदान पुऱ्याएको छ।

यस केन्द्रले आवश्यक र उपयुक्त तालिमको छनौट गर्न केन्द्रीयस्तरका कार्यालयहरु, निर्देशनालयहरु र विभागहरुमा गई छलफल र अन्तरक्रिया मार्फत Training Need Assessment (TNA) र Research Need Assessment (RNA) गरी वार्षिक कार्ययोजना तयार गर्ने गरेको छ। केन्द्रबाट प्रभावकारी र परिणाममुखी तालिम सञ्चालनका लागि कम्पनी भित्र र बाहिरका विषय विज्ञ र श्रोतव्यक्तिहरु छनौट गर्ने, तालिमका लागि उपयुक्त कर्मचारी चयन गर्ने, वार्षिक कार्ययोजना अनुसार कार्यान्वयन गर्ने लगायत सेमिनार र कार्यशाला गोष्ठी आयोजना गरिँदै आएको छ। यसका अतिरिक्त कर्मचारीहरुमा सकारात्मक सोच र उत्प्रेरणा अभिवृद्धि गर्न, शारीरिक र मानसिक स्वास्थ्य सम्बन्धी जानकारी गराउन तालिममा थप छुट्टै Add-On Session समावेश गर्ने वा सेमिनारका रुपमा सञ्चालन गर्ने गरिएको छ।

कम्पनीमा नयाँ नियुक्ति पाई सेवा प्रवेश गरेका सबै समूहका कर्मचारीहरुलाई कम्पनीको बारेमा समग्र जानकारी गराउन प्रदान गरिने Induction Course तालिमलाई निरन्तरता दिइएको छ। यस्तो तालिमले नयाँ कर्मचारीमा कार्यक्षेत्रको जानकारी, सकारात्मक सोचको विकास, जिम्मेवारी बहन गर्ने क्षमतामा वृद्धि गराउने, कामप्रति उत्प्रेरणा जगाउने लगायत Time Management, Decision Making, Corporate Branding, Business Ethics जस्ता विषयहरुले कम्पनीको उत्पादकत्व वृद्धिमा दीर्घकालीन सकारात्मक प्रभाव पर्ने देखिन्छ। कर्मचारीहरुको वृत्तिविकासमा तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। सबै सेवा र तहका कर्मचारीहरुलाई समयसापेक्ष तालिमहरु सञ्चालन गर्दै आएको यस तालिम तथा अनुसन्धान केन्द्रमा तालिमलाई अझ व्यवस्थित गर्न कार्यविधिको निर्माण गरी लागू गर्ने, तालिममा सहभागी हुन वेबसाइट मार्फत अनलाइन फारम भर्ने भराउने र तालिम सामग्री प्राप्त गर्न सकिने व्यवस्था, तालिम कोड, कर्मचारीको संलग्नता गणना (Mandays Calculation) को प्रयोग लगायत प्रगति मूल्याङ्कन र रेकर्ड व्यवस्थापनलाई निरन्तरता दिँदै आएको छ।

यस केन्द्रको वेबसाइट ttrc.ntc.net.np लाई थप प्रभावकारी बनाई तालिम सामाग्रीहरु (Training Materials) लाई Wingwise Repository मा राख्ने, सम्बन्धित कर्मचारीले अनलाईन आवेदन फारम भर्ने र सम्बन्धित सुपरिवेक्षकले सिफारिस

(बाँकी पृष्ठ ४ मा)

# नेपाल टेलिकम एप प्रयोग गर्ने तरिका

नेपाल टेलिकम एप बाट उपलब्ध गराइएका सुविधा उपयोग गर्न सुरुवातमा गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट नेपाल टेलिकम (Nepal Telecom) एप डाउनलोड गर्नुपर्नेछ। तत्पश्चात Register गर्नुपर्नेछ।

## रजिष्टर गर्ने तरिका

- पहिलो पटक डाउनलोड गर्ने ग्राहकले तल उल्लेखित बिधि अपनाई रजिष्टर गर्नु पर्ने हुन्छ।
- गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट 'नेपाल टेलिकम (Nepal Telecom) एप इन्स्टल गरीसकेपछि एप खोलेर पुछारमा देखिएको 'Register' Option छनौट गरी उल्लेखित जानकारी राखी Registration गर्नुहोस्।
- Name (नाम)
- Email (इमेल)
- Mobile Number (नेपाल टेलिकमको मोबाईल नम्बर)
- Password (आफ्नो इच्छा अनुरुपको)
- Date of Birth (जन्म मिति)
- Gender (लिङ्ग)
- Agree to all the Terms and Condition Select गर्नुहोस्।
- Register Option सेलेक्ट गर्नुहोस्, Nepal Telecom बाट तपाइको मोबाईलमा Confirmation Code प्राप्त हुनेछ। उक्त कोड राखी Submit गर्नुहोस्।
- Nepal Telecom APP को Log In पेजमा गई Mobile Number र माथि राखेको Password प्रयोग गरी Login गर्नुहोस्।
- यसरी नेपाल टेलिकमको मोबाइल नम्बरमार्फत रजिष्टर गरे पछि यो एप चलाउन सकिन्छ। यो एप चलाउँदा मोबाईल डाटाको शुल्क लाग्ने छैन। त्यसै गरी यो एप मार्फत www.ntc.net.np मा Redirect हुँदा पनि मोबाईल डाटाको शुल्क लाग्ने छैन।

## एप मार्फत प्राप्त हुने मुख्य सुविधाहरु

- नेपाल टेलिकमका विभिन्न नयाँ नयाँ प्याकेजहरु हेर्न तथा खरिद गर्न (Latest Offers)
- नेपाल टेलिकमले उपलब्ध गराएका अन्य विभिन्न प्याकेजहरु खरिद गर्न (Buy Packs)
- खरिद गरेको प्याकेज कति र कहिले सम्म बाँकी छ सो जानकारी सहजरुपमा प्राप्त गर्न (Graphical Display)
- मोबाईल ब्यालेन्स हेर्न (Balance Check)
- सहजै ब्यालेन्स ट्रान्सफर गर्न (Balance Transfer)
- आफ्नो नम्बर वा अन्य नम्बरमा रिचार्ज गर्न (Recharge Now)
- आफन्त वा साथीलाई विभिन्न प्याकेजहरु पठाउन (Gift Packs)
- फ्रेन्ड्स एण्ड फेमिली सेवा निशुल्क रुपमा सुचारु गरी आफूले चाहेका ५ वटा नेपाल टेलिकमका मोबाइल तथा ल्याण्डलाइन नम्बरमा सस्तो दरमा कल गर्न (F&F)
- 4G सेवा सुचारु गर्न तथा अन्य विभिन्न उपयोगी सेवाहरु प्रयोग गर्न (Utilities)
- आफूले के के सेवामा के कति खर्च गरें भन्ने हेर्न (Usage History)
- नेपाल टेलिकमका विभिन्न सेवाहरु सम्बन्धि जानकारी लिन (Services)
- नेपाल टेलिकमका विभिन्न सेवाहरुको दर रेट बुझ्न (Tariff)
- विभिन्न भ्यालु एडेड सेवाहरु प्रयोग गर्न (VAS)
- नेपाल टेलिकमका विभिन्न सेवाहरुमा समस्या आएमा गुनासो गर्न (Complain)
- नेपाल टेलिकमका विभिन्न सेवाहरुको बिल तिर्न (Bill Payment)
- अन्य सेवाहरु।

## नेपाल टेलिकमको दशैं तथा Autumn अफर २०८१

### दशैं अफर




नेपाल टेलिकमले नेपालीहरुको महान चाड दशैं, तिहार तथा छठ लगायतका विभिन्न पर्वहरुको अवसरमा आफ्ना ग्राहकहरुका लागि दशैं अफर २०८१ उपलब्ध गराएको छ । सो अफर अन्तर्गत सहुलियत दरका भ्वाइस, डाटा तथा एफटीटीएचका प्याकेजहरु असो ज १३ देखि प्रारम्भ भइसकेका छन् भने यही कार्तिक २३ गते सम्म उपलब्ध हुनेछन् ।

यस अफर अन्तर्गत साविकका एफटीटीएचका प्याकेजहरुमा साविककै मूल्यमा थप ब्याण्डविथ उपलब्ध गराईएको छ । ५०, ७५, १००, १५० र २०० एमबीपीएस गतिका एफटीटीएच डाटारकम्बो प्याकेजहरुमा ५० प्रतिशत सम्म क्षमता अभिवृद्धि गरी क्रमश: ७५, १००, १२५, १७५ र २२५ एमबीपीएस ब्याण्डविथ कायम गरिएको छ । यो अफर उल्लेखित समयावधिभित्र नयाँ सेवा जडान गर्ने एवम् प्याकेज नवीकरण गर्ने सबै ग्राहकका लागि कायम रहनेछ । साथै एफटीटीएच नयाँ जडानमा जडान शूल्क रु. ५०० मिनाहा समेत गरिएको छ ।

| S.N | Package name | Upgraded Bandwidth | FUP Per day |
|---|---|---|---|
| 1 | 50 Mbps FTTH Data/Combo Package | 75 Mbps | 75 GB |
| 2 | 75 Mbps FTTH Data/Combo Package | 100 Mbps | 100 GB |
| 3 | 100 Mbps FTTH Data/Combo Package | 125 Mbps | 125 GB |
| 4 | 150 Mbps FTTH Data/Combo Package | 175 Mbps | 175 GB |
| 5 | 200 Mbps FTTH Data/Combo Package | 225 Mbps | 225 GB |

यसै गरी दशैं अफर अन्तर्गत नै जीएसएम सेवाका ग्राहकहरुका लागि रु. ७९९ मा अल नेट अनलिमिटेड भ्वाइस सुविधा, ४५ जीबी डाटा र ५०० अल नेट एसएमएस सुविधा सहितको ७९९ सजिलो अनलिमिटेड प्याकेज सञ्चालन गरिएको छ । साथै रु. २५० मा १००० मिनेट अल नेट भ्वाइस सुविधा सहितको १००० मिनेट अल नेट भ्वाइस कल अफर र रु. ९९ मा १००० अन नेट एसएमएस सुविधाको १००० अन नेट एसएमएस प्याकेज समेत सञ्चालनमा ल्याइएको छ । यी सबै प्याकेजहरुमा प्रिपेड मोबाइल प्रयोगकर्ताका लागि २८ दिन र पोस्टपेड मोबाइल प्रयोगकर्ताका लागि ३० दिनको समयावधि तोकिएको छ ।

| S.N | Package name | Resource | Tariff Inclusive of Taxes (NRs.) |
|---|---|---|---|
| 1 | 799 Sajilo Unlimited Package | Voice All-net Unlimited 45GB Data 500 SMS All net SMS | 799 |
| 2 | 1000 Min All net Voice call Offer | 1000 Min All net Voice call Offer | 250 |
| 3 | 1000 On-net SMS | 1000 On-net SMS | 99 |

आगामी कार्तिक २३ गतेसम्म आफ्नो मोबाइलबाट *1415*6# डायल गरेर वा 'नेपाल टेलिकम एप' प्रयोग गरेर यी प्याकेजहरु खरिद गर्न सकिनेछ । आफ्नो आवश्यकता बमोजिमका प्याकेजहरु खरिद गरी दशैं अफर २०८१ बाट सेवाग्राहीले लाभ लिनुहुने विश्वास कम्पनीको रहेको छ ।

### Autumn अफर




ग्राहकहरुको माग र चाहनालाई मध्यनजर गर्दै नेपाल टेलिकमले विविध सेवा सुविधाका साथमा नयाँ प्याकेजहरु सहितको Autumn Offer 2081 सञ्चालनमा ल्याएको छ । यही असोज २८ गते देखि लागू हुने गरी सञ्चालनमा आएको उक्त अफरमा साबिकमा सञ्चालनमा आएका लोकप्रिय प्याकेजहरुलाई निरन्तरता दिँदै केही नयाँ प्याकेजहरु थप गरिएका छन् ।

Add on Package अन्तर्गत १० जीबी resource सहितको Add on -10 GB प्याकेज रु. ९९ मा उपलब्ध हुनेछ । यसैगरी साबिकको रु. ९९ मा १ दिन समयावधि रहेको ३ जीबी डाटा प्याकलाई सोही रकममा ४ जीबी resource उपलब्ध हुने व्यबस्था गरिएको छ ।

यसका साथै दैनिक कम डाटा खपत गर्ने ग्राहक तथा दैनिक resource package चलाउने ग्राहकहरुलाई मध्यनजर गर्दै GSM Prepaid तथा Postpaid मा उल्लेखित प्याकेजहरु सञ्चालन गरिएको छ ।

| S.N | Package name | Resource | Validity Day | Tariff Inclusive of Taxes (NRs.) |
|---|---|---|---|---|
| 1 | 600 MB Data pack | 600 MB | 1 | 20 |
| 2 | 1.5GB per day Monthly package | 1.5 GB per day for month 256 Kbps after FUP | 28 days for Prepaid 30 days for Postpaid | 599 |

## दूरसञ्चार तालिम तथा .....

(पृष्ठ ३ को बाँकी)

गर्ने व्यवस्था गरिएको छ । केन्द्रले सुपरिवेक्षकको सिफारिसको आधारमा कर्मचारीहरुलाई उपयुक्त हुने विषयको तालिममा छनौट गरी तालिममा सहभागी गराउँदै आएको छ । चालू आर्थिक वर्ष २०८१/८२ मा Training Feedback/Training Imapact Assessment (TIA) लाई प्राथमिकतामा राखी यस केन्द्रले सञ्चालन गर्ने तालिम, कार्यशाला गोष्ठी तथा अनुसन्धानका कार्यहरुलाई थप चुस्त बनाउने लक्ष्य लिएको छ ।

यस केन्द्रले गत आर्थिक वर्ष २०८०/८१ का लागि १३ वटा Research Study कार्यक्रमहरु मध्ये Research Study अन्तर्गत ९२.३० प्रतिशत, Workshop अन्तर्गत १२५ प्रतिशत र सहभागिताका आधारमा १४१.९४ प्रतिशत लक्ष्य हासिल गरेको छ । त्यसैगरी तालिम कार्यक्रम अन्तर्गत ९१ वटा तालिमहरु र ४७ वटा सेमिनारहरुको निर्धारित लक्ष्य राखिएकोमा तालिम अन्तर्गत १०४.४० प्रतिशत, तालिममा सहभागी प्रशिक्षार्थीहरुका आधारमा १०५.७० प्रतिशत तथा सेमिनार अन्तर्गत ५५.३२ प्रतिशत र ती सेमिनारका सहभागी संख्याको आधारमा ५७.५९ प्रतिशत लक्ष्य हासिल गरेको छ ।

स्थान अभाव र श्रोतको सिमितता, सुरक्षा र सरसफाईसँग सम्बन्धित जनशक्तिको अपर्याप्तताको बावजुद एकै समयमा १०० जनाभन्दा धेरै प्रशिक्षार्थीहरुका लागि एकैसाथ ५ वटा तालिमहरु सञ्चालन गर्न यस केन्द्र सफल भएको छ ।

केन्द्रका अनुसार चालू आर्थिक वर्ष २०८१/८२ का लागि निर्धारित वार्षिक लक्ष्य र कार्यक्रम अन्तर्गत ७७ वटा तालिम, २१ वटा सेमिनार र १४ वटा अध्ययन अनुसन्धान कार्यक्रमहरु तय गरिएका छन् । तालिम कार्यक्रम मार्फत १,४८७ जना प्रशिक्षार्थीलाई तालिम प्रदान गरिने र सेमिनार कार्यक्रम मार्फत ६३० जना प्रशिक्षार्थीलाई प्रशिक्षण दिईने लक्ष्य राखिएको उक्त केन्द्रले जनाएको छ । कम्पनीको लक्ष्य र उद्देश्य प्राप्तिका लागि कर्मचारीहरुको ज्ञान, सीप, क्षमता, दक्षता र उत्प्रेरणा वृद्धि गर्न आवश्यक तालिम तथा अन्य कार्यक्रम संचालन गर्ने कार्यमा निरन्तर अघि बढिरहने प्रतिबद्धता समेत दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्र (TTRC) ले व्यक्त गरेको छ ।

(पृष्ठ २ को बाँकी)

## प्रादेशिक निर्देशनालय भैरहवा.........

कम्पनीले समयमै कमिशन भुक्तानी गर्ने र उचित सम्मान गर्दै जाने बताउँदै सबैलाई कम्पनीको व्यापार प्रवर्धनमा Pro-Active भई लाग्न उत्प्रेरित समेत गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् निर्देशनालयका निमित्त निर्देशक जोली राजभण्डारीले डिलर तथा POS बाट उठेका गुनासा तथा सुझावहरु कम्पनीका लागि मार्ग निर्देशक हुने र यथाशीघ्र समाधानका लागि आवश्यक पहल गरिने बताउनुभयो ।

(पृष्ठ १ को बाँकी)

## रेडियो नेपाल र ....

नेपालले सूचना, सन्देशहरूलाई आम नागरिक माझ बढी ग्राह्य बनाउनका लागि विभिन्न मातृभाषाको प्रसारणलाई प्राथमिकता दिइएको बताउनुभयो ।

कार्यकारी निर्देशक लामाले नागरिकप्रति प्रभावकारी सेवा प्रवाह गर्न रेडियो नेपाल र नेपाल टेलिकमबिचको सहकार्य र साझेदारी महत्वपूर्ण रहेको पनि बताउनुभयो ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**

E-mail: ntc.news@ntc.net.np **फोन: ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो** Newsletter **कम्पनीको** website: www.ntc.net.np **मा पनि उपलब्ध छ ।**

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Navin Kumar Mishra

Editor : Santosh Khanal
Editorial Team : Meghanath Dhakal